मो. ९८५७८३३०२३
वेवसाईट : www.airawatimun.gov.np
ईमेल: airawatirm@gmail.com
फेसबूक पेज : @airawatirm

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बरौंला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरौंला, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८३/०८४
च.नः

प्रकाशित मिति : २०८३/०६/१३

सूचना नं. १५/२०८३/०८४

कवाडीजन्य सामग्रीहरू संकलन तथाउठाउने सम्बन्धि सूचना !

यस ऐरावती गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा गाउँपालिकाबाट जारी भएको कार्यादेश बमोजिम गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न कवाडीजन्य सामग्रीहरू संकलन तथा उठाउने कार्य गर्न श्री युनिक कवाड संकलन, प्यूठान नगरपालिका–३, प्यूठान लाई प्रदान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । गाउँपालिका क्षेत्रभित्र रहेका घरधुरी, सरकारी तथा गैरसरकारी कार्यालय, विद्यालय, संघ–संस्था, व्यवसायिक प्रतिष्ठान तथा अन्यं स्थानमा प्रयोगविहीन अवस्थामा रहेका फलामजन्य, प्लास्टिकजन्य, कागजजन्य, आल्मुनियमजन्य, सिसाजन्य लगायतका कवाडी सामग्रीहरू संकलन गरी व्यवस्थापन गर्न लागिएको हुँदा त्यस्ता सामग्रीहरू भएमा आधिकारीक कवाडी संकलकलाई उपलब्ध गराई गाउँपालिकाको सरसफाइ तथा वातावरण संरक्षण कार्यमा सहयोग गर्नुहुन सम्पूर्ण सर्वसाधारणमा अनुरोध गरिन्छ। कवाडी सामग्री संकलन गर्दा सार्वजनिक स्थान, सडक, नाली, खोल्सा तथा अन्य स्थानमा फोहोर नहुने गरी व्यवस्थित रूपमा संकलन गर्न तथा गाउँपालिकाको स्वच्छता र वातावरण संरक्षण अभियानमा सहयोग पुऱ्याउन अनुरोध गर्दै सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(२०८३/०६/१३)

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
चुजाँठाटी प्रहरी चौकी ऐरावती-६
बरौला प्रहरी चौकी ऐरावती-२
कैरन प्रहरी चौकी ऐरावती-४
दाङवाङ प्रहरी चौकी ऐरावती-१